नेपाल सरकार

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

# प्रेस विज्ञप्ति

आज मिति २०७८ फाल्गुन ०५ गते बिहिबार माननीय सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्री श्री राजेन्द्रप्रसाद श्रेष्ठज्यूको अध्यक्षतामा आ.व.२०७८/०७९ को दोश्रो त्रैमासिक प्रगति समीक्षा तथा मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिको बैठक सम्पन्न भयो । उक्त बैठकमा राष्ट्रिय योजना आयोगका माननीय सदस्य डा. उमाशंकर प्रसाद, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका सचिव श्री सुरेश अधिकारी, मन्त्रालयका सहसचिवहरु, विभागका महानिर्देशकहरु तथा अर्थ मन्त्रालय, राष्ट्रिय योजना आयोगका प्रतिनिधि एवम् कार्यक्रम/आयोजनाका प्रमुख, समिति, र प्रतिष्ठानका साथै मन्त्रालयका कर्मचारी र संचारकर्मीहरु समेतको उपस्थिति रहेको थियो।

कार्यक्रममा माननीय सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्री श्री राजेन्द्रप्रसाद श्रेष्ठज्यूले मन्त्रालयको दोश्रो त्रैमासिक अबधिको समग्र भौतिक तथा वित्तीय प्रगति सन्तोषजनक रहेको बताउदै पूँजीगत खर्च बढाउने उपायहरु पहिचान गरी प्रभावकारी कार्यान्वयनमा जोड दिनुपर्ने बताउनु भयो। उहाँले बार्षिक कार्यक्रममा निर्धारित भौतिक तथा वित्तीय प्रगतिलाई थप उत्साहप्रद बनाउनका लागि बजेट, नीति तथा कार्यक्रम र लक्ष्यभित्र रहेर नविनतम् ढंगबाट कार्य गर्नका लागि निर्देशन दिनुभयो । त्यसैगरी उहाँले कर्मचारीहरुले उच्च मनोबलका साथ आफ्नो दक्षतालाई प्रयोग गर्दै संविधान र विद्यमान कानूनले दिएको क्षेत्राधिकारभित्र रही नतिजामुखी काम गर्नुपर्ने बताउनुभयो । यस्तै उहाँले e-governance लाई पूर्ण रुपमा लागू गर्ने तर्फ मन्त्रालयले आफ्नो कार्यक्रमलाई लक्षित गर्नुपर्नेमा जोड दिनु भयो ।

कार्यक्रममा राष्ट्रिय योजना आयोगका माननीय सदस्य श्री उमाशंकर प्रसादले मन्त्रालयको दोश्रो त्रैमासिक अबधिको प्रगति सन्तोषजनक रहेता पनि वित्तीय र भौतिक प्रगति वीच सन्तुलन कायम गर्दै शत प्रतिशत प्रगति हासिल गर्नेगरी कार्यक्रमहरु कार्यान्वयन गर्नुपर्ने कुरामा जोड दिनुभयो। उहाँले बजेटको माग, आपूर्ति र उपयोगवीच सन्तुलन कायम हुने गरी बिनियोजन तथा खर्च सम्बन्धी दक्षता बढाउनुपर्ने धारणा व्यक्त गर्नु भयो। यस्तै बिभिन्न अध्ययन संस्थाबाट हुने अध्ययन अनुसन्धानलाई प्राज्ञिक अध्ययनमा मात्र सीमित नगरी सर्बसाधारणको जानकारीको लागि समेत प्रकाशन गर्नुपर्ने बताउनु भयो। यसैगरी उहाँले मन्त्रालय र यस अन्तर्गतका निकायमा रहेको बेरुजु फछ्र्यौटमा विशेष ध्यान दिनुपर्नेमा समेत जोड दिनुभयो।

मन्त्रालयका सचिव श्री सुरेश अधिकारीले प्रस्तुतीका क्रममा सहभागीहरुद्वारा उठाइएका सवालहरुको सम्बोधन गर्दै तोकिए अनुसार उपलब्धी हासिल हुन नसक्नुका कारणका बारेमा थप स्पस्ट पार्नु भयो । उहाँले बर्तमान परिस्थितिमा पनि मन्त्रालयले हासिल गरेको प्रगति सन्तोषजनक रहेको बताउंदै आगामी दिनमा कार्यक्रमले लिएका लक्ष्य हासिल हुने गरी थप प्रभावकारी रुपमा कार्यक्रम कार्यान्वयन गर्न निर्देशन दिनुभयो । सङ्घीयता कार्यान्वयनको क्रममा आबश्यक पर्ने कानून निर्माणलाई तिब्रता दिई तीन तहका सरकारवीचको अन्तरतह समन्वय तथा सहकार्यलाई थप सवल बनाउन सबैले इमान्दार प्रयत्न गर्नुपर्ने बताउनुभयो । कर्मचारीहरु तथा स्थानीय तहका पदाधिकारीहरुको क्षमता विकासमा मन्त्रालय सदैव क्रियाशील रहेको र सो सँग सम्बन्धित

विभिन्न कार्यक्रमहरु कार्यान्वयनमा निरन्तरता दिइएको समेत जानकारी गराउनु भयो । यस्तै उहाँले प्रशासनिक पूनःसंरचना पछि मन्त्रालयको नाममा सरेको बेरुजु फछ्र्यौट गर्न प्राथमिकताको साथ काम भईरहेको समेत बताउनुभयो।

उक्त अवसरमा मन्त्रालयका सहसचिव श्री विष्णुदत्त गौतमले कार्यक्रमको उद्देश्य एवम् मन्त्रालय र अन्तर्गतका निकाय, कार्यक्रम तथा आयोजनाको समग्र प्रगति प्रस्तुत गर्दै आ.व. ०७८/०७९ को लागि सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई विनियोजित वार्षिक बजेट रु १८ अर्ब ९५ करोड ६८ लाख मध्ये दोश्रो त्रैमासिकसम्मका लागि विनियोजित १३ अर्व ०७ करोड ३१ लाख बजेटमा जम्मा रु २ अर्ब ३० करोड २४ लाख खर्च भएको प्रगति विवरण प्रस्तुत गर्नु भएको थियो । दोश्रो त्रैमासिकसम्म खर्च भएको २ अर्ब ३० करोड २४ लाख बजेट दोश्रो त्रैमासिकसम्मको जम्मा बजेटको १७.६१ प्रतिशत वित्तीय प्रगति रहेको जसमध्ये चालु खर्चतर्फ ४ अर्ब ४१ करोड ६५ लाख विनियोजन भएकोमा जम्मा खर्च रकम रु १ अर्ब १ करोड ८४ लाख (२३.०६ प्रतिशत) र पूँजिगत तर्फ जम्मा दोश्रो त्रैमासिकसम्मको बजेट रु ८ अर्ब ६५ करोड ६६ लाख रहेकोमा जम्मा खर्च रु १ अर्ब २८ करोड ४० लाख (१४.८३ प्रतिशत) भएको विवरण सहितको प्रतिवेदन पेश गर्नुभएको थियो । उहाँले यस अवधिमा प्राप्त भएका प्रमुख उपलब्धीहरुको वारेमा उल्लेख गर्दै कार्यक्रम तथा आयोजना कार्यान्वयनका क्रममा देखापरेका समस्याहरुको पहिचान गरी सोको समाधानका लागि सुझाव सहितको विकल्पहरु समेत प्रस्तुत गर्नु भयो ।

कार्यक्रममा राष्ट्रिय कितावखाना, स्थानीय पूर्वाधार विभाग, नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान, आदिबासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान, निजामती कर्मचारी अस्पताल र स्थानीय विकास प्रशिक्षण प्रतिष्ठानका तर्फवाट आ-आफ्ना निकायको दोश्रो त्रैमासिक अवधिसम्मको प्रगति संक्षेपमा प्रस्तुत भएको थियो। त्यस्तै अर्थ मन्त्रालय र राष्ट्रिय योजना आयोगका प्रतिनिधिहरुले बजेट खर्च, वित्तिय एवम् भौतिक प्रगति प्रति सन्तोष व्यक्त गर्दै आगामी दिनमा अझ प्रभावकारी काम गर्नुपर्ने धारणा राख्नुभएको थियो ।

.................................
(बसन्त अधिकारी)
सहसचिव एवम् प्रबक्ता
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

मितिः २०७८ साल फाल्गुन ०५ गते

नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाण्डौ